# आर्थिक वर्ष २०८३/८४ मा प्रादेशिक रोग नियन्त्रण केन्द्रबाट सञ्चालन हुने स्वीकृत कार्यक्रमहरुको कार्य सञ्चालन मापदण्ड, २०८३

[प्रदेश स्रोत र विशेष अनुदान तर्फ]

गण्डकी प्रदेश सरकार

**स्वास्थ्य मन्त्रालय**

पोखरा, कास्की, नेपाल

मिति २०८३/०५/०९ (मा.मन्त्रीस्तर) को निर्णयानुसार स्वीकृत

**“बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१**

**(संशोधन सहित)”**

**को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी**

**गण्डकी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयले**

**यो मापदण्ड बनाएको छ ।**

१. कार्यक्रम सञ्चालन एवं कार्यान्वयन यस मापदण्डको अधिनमा रही गर्नुपर्नेछ ।

२. यस मापदण्डमा उल्लेख भएका कार्यक्रमहरु सञ्चालन एवं कार्यान्वयन गर्ने/गराउने प्रमुख जिम्मेवारी कार्यालय प्रमुखको रहनेछ भने समन्वयकारी भूमिका कार्यक्रमको जिम्मेवार व्यक्तिको रहनेछ ।

३. कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्नु पूर्व तयारी स्वरुप कार्यक्रम सञ्चालन प्रकृया, सहभागी संख्या, श्रोत व्यक्ति, सहजकर्ता, कार्यक्रम सञ्चालन हुने मिति, समय र स्थान तथा अन्य विषयमा आवश्यक छलफल एवं परामर्श गरी प्रचलित कानून बमोजिम कार्यक्रममा विनियोजित बजेट बाँडफाँट गरी अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्नुपर्नेछ ।

४. कार्य सञ्चालन प्रक्रियामा उल्लेखित क्रियाकलापहरु सम्पन्न गर्दा आवश्यक पर्ने बैठक भत्ता, खाना/खाजा खर्च, भ्रमण खर्च, सहभागी भत्ता, आदि बापतको खर्च/भुक्तानी गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७९ बमोजिम सम्बन्धित कार्यक्रम शीर्षकबाट गर्नुपर्नेछ ।

५. चालु आर्थिक वर्ष २०८३/८४ मा विनियोजन भएको बजेटको आर्थिक दायित्व आगामी आर्थिक वर्षमा सर्ने एवं विनियोजित बजेट भन्दा थप आर्थिक दायित्व सृजित हुने गरी कार्यक्रम सञ्चालन गर्न पाइने छैन । यसरी कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गरेको पाइएमा स्वयं थप आर्थिक दायित्व सृजना गर्ने अधिकारीबाट थप आर्थिक दायित्वको सोधभर्ना गर्नुपर्नेछ ।

६. सम्पादित कार्यक्रमको आन्तरिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षण गराउने दायित्व सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखको हुनेछ ।

७. कार्यक्रमको वित्तीय र भौतिक प्रगति विवरण त्रैमासिक र वार्षिक रुपमा अनिवार्य रुपमा स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ ।

८. आवश्यकतानुसार कार्यक्रमहरुको अनुगमन, मूल्यांकन, सहजिकरण एवं अनुशिक्षण मन्त्रालय तथा अन्य प्रादेशिक निकायबाट हुनेछ ।

९. यस मापदण्डको कुनै विषय स्पष्ट नभएमा स्वास्थ्य मन्त्रालयमा सम्पर्क गरी स्पष्ट हुनुपर्नेछ ।

१०. यस मापदण्ड बमोजिम कार्यक्रम सञ्चालन गर्दा यस मापदण्डलाई पथ प्रदर्शकको रुपमा लिई स्वीकृत कार्यक्रमको बजेट र तपसिलमा उल्लेखित प्रचलित कानूनको अधिनमा रही कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्नुपर्नेछ ।

**तपसिल**

- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली [संशोधन सहित], २०६४
- भ्रमण खर्च नियमावली, २०६४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८

- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९
- गण्डकी प्रदेश आर्थिक ऐन, २०८३
- गण्डकी प्रदेश विनियोजन ऐन, २०८३
- बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१
- प्रदेश खर्चको मापदण्ड, २०७९
- आर्थिक वर्ष २०८३/०८४ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०८३
- सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्वन्धी मापदण्ड, २०८१
- विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१
- कार्यक्रम सञ्चालन गर्दा अन्य प्रचलित कानून बमोजिम जारी भएका ऐन, नियमावली, कार्यविधि, गठन आदेश, मापदण्ड एवं निर्देशिकालाई आधार मानी गर्नु पर्नेछ साथै प्रचलित कानून [ऐन/नियमावली/कार्यविधि/मापदण्ड आदि] मा संशोधन वा जारी भएमा सो समेतलाई समावेश गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

# विषयसूची

१. प्रयोगशाला परीक्षण गरिएका नमूनाको गुणस्तर नियन्त्रण सम्बन्धी कुरियर एवं प्रदेश भित्रबाट नमूना ढुवानी/स्लाइड कलेक्सन ........ 6
२. क्षयरोग गुणस्तर नियन्त्रण कार्यक्रमका लागि विशेषज्ञ जनशक्ति (Chest Physician/ Physician) मार्फत सेवा व्यवस्थापन ........ 7
३. प्रादेशिक रोग निगरानी बुलेटिन निर्माण र सम्बन्धित रोगको fact sheet प्रबोधिकरण कार्यक्रम .... 8
४. रोग सम्बन्धी तथ्यांकको प्रमाणीकरण तथा Data Quality Assurance ........ 9
५. गण्डकी प्रदेश अन्तर्गत सरकारी तथा निजी प्रयोगशालाहरुको गुणस्तर परीक्षण एवं मुल्याङकन.. 10
६. स्वीकृत कार्यविधि बमोजिम रगत तथा रगतजन्य सेवा निःशुल्क व्यवस्थापन ........ 11
७. प्रयोगशालाकर्मीहरुको लागि क्षयरोग सम्बन्धी खकार माइक्रोस्कोपिका लागि LQAS तालिम .. 13
८. टि.वि. कल्चर ल्याव एवं वि.एस.एल. २, ३ सञ्चालन, मर्मत सम्भार तथा क्यालिब्रेसन ........ 14
९. एक्स-रे सेवा व्यवस्थापन सम्बन्धी कार्य ........ 15
१०. क्षयरोग खोजपड्ताल कार्यक्रम ........ 16
११. जिन एक्सपर्ट परीक्षण सोधभर्ना ........ 18
१२. प्रयोगशाला सेवा [Hematology, Biochemistry, Endocrinology, Microbiology, Molecular Biology, Histopathology and Cytology] सर्ने र नसर्ने रोग समेत] ल्याव सञ्चालन का लागि आवश्यक रिएजेन्ट, केमिकल तथा कन्जुमेवल्स खरिद ........ 20
१३. महामारी एवं विपदको पूर्वतयारी, रोग नियन्त्रण तथा उपचारका लागि कीट तथा अन्य औषधिजन्य सामग्रीको व्यवस्थापन ........ 21
१४. राष्ट्रसेवक कर्मचारी र जनप्रतिनिधीहरुको नसर्ने रोगको स्क्रिनिङ तथा रोकथाम कार्यक्रम सञ्चालन (रीएजेन्ट तथा किट व्यवस्थापन सहित) ........ 23
१५. रोगहरुको एकीकृत सर्भिलेन्स (Integrated surveillance) कार्यक्रम ........ 24
१६. प्रयोगशाला सेवा [सर्ने र नसर्ने रोग समेत] ल्याव सञ्चालन का लागि आवश्यक रिएजेन्ट, केमिकल तथा कन्जुमेवल्स खरिद ........ 26

# प्रदेश स्रोत तर्फका कार्यक्रम

## १. प्रयोगशाला परीक्षण गरिएका नमूनाको गुणस्तर नियन्त्रण सम्बन्धी कुरियर एवं प्रदेश भित्रबाट नमूना ढुवानी/स्लाइड कलेक्सन

| PLMBIS Code | खर्च शीर्षक | विनियोजित रकम (रू. हजारमा) |
|---|---|---|
| २.७.२२.३८८ | २२५२२ | ३०० |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | प्रादेशिक रोग नियन्त्रण केन्द्रको External Quality Assurance program अन्तर्गत गण्डकी प्रदेशका ११ वटै जिल्लाका सरकारी/निजी प्रयोगशालाहरुमा Quality control sample लैजान वा तहाँबाट ल्याउनको लागि कुरियर सेवा आवश्यक हुन्छ। ११ वटै जिल्लाका सरकारी/निजी प्रयोगशालाहरुको सेवाको गुणस्तर मापन गर्न एवं सुधारका लागि सम्बन्धित प्रयोगशालालाई पृष्ठपोषण गर्न साथै महामारीको समयमा नमूना ढुवानी गर्नका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | ११ वटै जिल्लाका सरकारी/निजी प्रयोगशालाहरुको सेवाको गुणस्तर मापन तथा महामारी व्यवस्थापनका लागि नमूना ढुवानी गर्नु। |
| अपेक्षित प्रतिफल | ११ वटै जिल्लाका सरकारी/निजि प्रयोगशालाहरुमा Quality control sample पठाउन एवं ल्याउन सहज भई प्रयोगशालाको गुणस्तर नियन्त्रण र Outbreak Management का लागि सहयोग पुग्नेछ। |
| कार्य सञ्चालन प्रक्रिया | • प्रदेशभित्रका प्रयोगशाला सेवा भएका सरकारी/ निजी स्वास्थ्य संस्थाको सूची तयार पार्ने,<br>• Quality control sample कुरिएर गरेर प्रादेशिक रोग नियन्त्रण केन्द्र पुऱ्याउन कुरियर सेवाको लागि सम्झौता गर्ने / QC का लागि Slide collection गर्ने,<br>• Integrated Disease Surveillance (Vaccine Preventable Disease सहित) र Outbreak Management का लागि स्थानीय तह देखि प्रदेश/ राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला सम्म नमूना ढुवानी गर्ने,<br>• External Quality Assurance Program का लागि आवश्यक सामग्री व्यवस्थापन गर्ने,<br>• प्राप्त नमूनाहरुको पुनः परीक्षण गरी गुणस्तर यकिन गरी सोको पृष्ठपोषण गर्ने। |

## २. क्षयरोग गुणस्तर नियन्त्रण कार्यक्रमका लागि विशेषज्ञ जनशक्ति (Chest Physician/ Physician) मार्फत सेवा व्यवस्थापन

| PLMBIS Code | खर्च शीर्षक | विनियोजित रकम (रू. हजारमा) |
|---|---|---|
| २.७७.२२.३८९ | २२५२२ | १००० |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | क्षयरोग उपचारमा गुणस्तरिय सेवा प्रदान गर्न तथा समयमा नै क्षयरोग निदान गरेर तुरुन्त उपचारको दायरामा ल्याउन र प्रादेशिक रोग नियन्त्रण केन्द्र, पोखरामा सम्बन्धित विशेषज्ञ चिकित्सक (Chest Physician/ Physician) द्वारा विशेषज्ञ सेवा सञ्चालनका लागि यो कार्यक्रम राखिएको हो । |
| **उद्देश्य** | विशेषज्ञ चिकित्सकद्वारा क्षयरोगका बिरामीहरुको समयमै निदान तथा उपचार गरी गुणस्तरीय सेवा प्रवाह गर्नु । |
| **अपेक्षित प्रतिफल** | विशेषज्ञ चिकित्सकद्वारा क्षयरोगका बिरामीहरुको समयमै निदान तथा उपचार भई क्षयरोग उपचारको सफलता दरमा वृद्धि भएको हुनेछ । |
| **कार्य सञ्चालन प्रक्रिया** | • विशेषज्ञ चिकित्सक नियुक्ति गर्नु परेमा प्रदेश सरकारको "सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधी, २०७९" बमोजिम नियुक्त गर्न सकिनेछ ।<br>• यसरी नियुक्त विशेषज्ञ चिकित्सकलाई नेपाल सरकारले तोके बमोजिमको तलब भत्ता, चाडवाड खर्च, पोशाक खर्च प्रदान गर्नुपर्नेछ । विशिष्ट विशेषज्ञ सेवा प्रदान गरे बापत जोखिमयुक्त सेवा (DR/DOTS/MDR तथा DR होस्टलमा भर्ना भएका बिरामीलाई समेत) दिने गरी प्रोत्साहन स्वरुप तलव स्केलको थप पचास प्रतिशत भत्ता उपलब्ध गराउन सकिनेछ ।<br>• विशेषज्ञ चिकित्सक नियुक्ति नहुँदा सम्म वा आवेदन नपरे वा छनौट नभएमा अन्य सरकारी/निजि अस्पतालबाट चिकित्सक माग गरी वा विज्ञ रोष्टर सूचिमा सूचीकृत हुन आएका विशेषज्ञ चिकित्सकबाट सम्झौता अनुसार रोग नियन्त्रण केन्द्रबाटै क्षयरोग उपचारका लागि विशेषज्ञ सेवा क्लिनिक सञ्चालन गर्नुपर्नेछ ।<br>• विशेषज्ञ सेवा क्लिनिक सञ्चालन गरी गुणस्तरीय सेवाका साथै क्षयरोग गुणस्तर नियन्त्रण कार्यक्रम सञ्चालनका कृयाकलापहरु समेत सञ्चालन गर्न सकिनेछ । |

## ३. प्रादेशिक रोग निगरानी बुलेटिन निर्माण र सम्बन्धित रोगको fact sheet प्रबोधिकरण कार्यक्रम

| PLMBIS Code | खर्च शीर्षक | विनियोजित रकम (रू. हजारमा) |
|---|---|---|
| २.७.२२.३९० | २२५२२ | १२० |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | रोग निगरानी प्रणालीबाट नियमित रूपमा संकलन हुने तथ्याङ्क तथा सूचनालाई विश्लेषण गरी सरोकारवाला निकायहरूलाई समयमै जानकारी उपलब्ध गराउनु जनस्वास्थ्य व्यवस्थापनको महत्वपूर्ण आधार हो। प्रादेशिक रोग निगरानी बुलेटिनले प्रदेशभित्र रोगको अवस्था, प्रकोप, जोखिम तथा नियन्त्रणका प्रयासहरूको समग्र वस्तुस्थिति प्रस्तुत गर्दछ भने विभिन्न रोग सम्बन्धी fact sheet ले स्वास्थ्यकर्मी, स्थानीय तह तथा समुदायलाई प्रमाणमा आधारित जानकारी प्रदान गरी रोग रोकथाम तथा नियन्त्रणमा सहयोग पुऱ्याउँछ। रोग निगरानी सम्बन्धी तथ्याङ्कको विश्लेषण, सम्पादन तथा प्रकाशन गर्नुका साथै प्राथमिकतामा रहेका रोगहरूको fact sheet तयार गरी सम्बन्धित निकायहरूमा उपलब्ध गराउन यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | प्रदेशभित्र प्राथमिकतामा परेका संक्रामक रोगहरूको अवस्था, प्रकोप तथा जोखिमको विश्लेषण गरी नियमित रुपमा रोग निगरानी बुलेटिन र fact sheet प्रकाशन गर्नु। |
| **अपेक्षित प्रतिफल** | प्रादेशिक निकाय, जनस्वास्थ्य कार्यालय, स्थानीय तह तथा स्वास्थ्यकर्मीलाई संक्रामक रोगहरूको अवस्था सम्बन्धी जानकारी भई प्रमाणमा आधारित रोगको रोकथाम तथा नियन्त्रणमा सहयोग पुगेको हुनेछ। |
| **कार्य सञ्चालन प्रक्रिया** | • प्रादेशिक तहमा प्राथमिकतामा परेका रोगहरूको निगरानी बुलेटिन मासिक रुपमा तयारी तथा प्रकाशन गर्ने,<br>• रोग निगरानी बुलेटिनको सम्पादन तथा परिमार्जनका लागि प्रादेशिक निकाय एवम् जिल्लाका स्वास्थ्य निकायहरूसँग समन्वय गर्ने,<br>• राष्ट्रिय एवं अन्तर्राष्ट्रिय प्राथमिकतामा परेका रोगहरूको दिवसका अवसरमा सो रोगसम्बन्धी विस्तृत तथ्यपत्र (Factsheet) सम्पादन गरी कार्यालयको आधिकारिक वेबसाइटमा सार्वजनिक गर्ने,<br>• निगरानी बुलेटिन तथा तथ्यपत्र (Factsheet) को सम्पादनको क्रममा आवश्यकता अनुसार विषय विज्ञसँग परामर्श तथा समन्वयात्मक बैठक सञ्चालन गर्न सकिनेछ।<br>• कार्यक्रम कार्यान्वयनका लागि उपलब्ध बजेटको आधारमा बजेट बाँडफाँट गरी परिचालित जनशक्तिलाई खाना/खाजा खर्च र अन्य व्यवस्थापकीय खर्च प्रदान गर्न सकिनेछ। |

## ४. रोग सम्बन्धी तथ्यांकको प्रमाणीकरण तथा Data Quality Assurance

| PLMBIS Code | खर्च शीर्षक | विनियोजित रकम (रू. हजारमा) |
|---|---|---|
| २.७७.२२.३९१ | २२५२२ | १०० |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | गुणस्तरीय रोग निगरानी प्रणालीको कार्यान्वयनका लागि विश्वसनीय, पूर्ण तथा समयमै प्राप्त तथ्याङ्कको आवश्यक पर्दछ। विभिन्न स्वास्थ्य संस्थाबाट प्राप्त हुने रोग सम्बन्धी तथ्याङ्कमा त्रुटि, दोहोरो अभिलेख, अपूर्ण विवरण तथा समयमै प्रतिवेदन नआउने समस्या देखिएकाले नियमित रूपमा तथ्याङ्क प्रमाणीकरण तथा Data Quality Assurance (DQA) सञ्चालन गर्न आवश्यक देखिन्छ। रोग निगरानी प्रणालीमा प्रयोग हुने तथ्याङ्कको गुणस्तर परीक्षण र अभिलेखको प्रमाणीकरण सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | रोग सम्बन्धी तथ्याङ्कको गुणस्तर, पूर्णता, प्रतिवेदन तथा मूल अभिलेख बीचको एकरूपता तथा विश्वसनियता सुनिश्चित गर्नु। |
| **अपेक्षित प्रतिफल** | प्रादेशिक तहको रोग सम्बन्धी तथ्याङ्कको नियमित प्रमाणीकरण भई गुणस्तर सुधार हुनेछ। |
| **कार्यसञ्चालन प्रक्रिया** | • SORMAS बाट प्राप्त भएको signal (घटना, रोग र लक्षण सम्बन्धी सूचना), EWARS/DHIS2/MDIS/NTP-MIS आदिबाट रोगहरु सम्बन्धी देखिएका तथ्याङ्कको त्रुटि, दोहोरो अभिलेख र अपूर्ण विवरणका आधारमा स्वास्थ्य संस्था/घटना छनौट गर्ने,<br>• आवश्यकता अनुसार विभिन्न प्रादेशिक निकायहरु, अस्पताल, जनस्वास्थ्य कार्यालय र सम्बन्धित स्वास्थ्य संस्थाहरुसँग समन्वय गरी signal/तथ्याङ्कको प्रमाणीकरण गर्ने,<br>• तथ्याङ्कको गुणस्तरमा देखिएका समस्याहरुलाई सम्बन्धित स्वास्थ्य संस्थाका सरोकारवाला निकायहरुसँग छलफल गरी समस्या समाधान र तथ्याङ्कको गुणस्तर बढाउनका लागि पृष्ठपोषण प्रदान गर्ने; घटनाको प्रमाणीकरण गरी आवश्यक प्रतिकार्य गर्ने,<br>• यस कार्यक्रम कार्यान्वयनका लागि उपलब्ध बजेटको आधारमा बजेट बाँडफाँट गरी परिचालित जनशक्तिलाई दैनिक भ्रमण भत्ता, खाना/ खाजा खर्च र अन्य व्यवस्थापकीय खर्च प्रदान गर्न सकिनेछ। |

## ५. गण्डकी प्रदेश अन्तर्गत सरकारी तथा निजी प्रयोगशालाहरुको गुणस्तर परीक्षण एवं मुल्याङ्कन

| PLMBIS Code | खर्च शीर्षक | विनियोजित रकम (रू. हजारमा) |
|---|---|---|
| २.७.२२.४२१ | २२५२२ | २०० |

| **विषयवस्तु** | **विवरण** |
|---|---|
| **परिचय** | प्रदेश अन्तर्गत सरकारी तथा निजी प्रयोगशालाहरुको गुणस्तर कायम राख्न, रोग निदानका लागि सहि विधि पुऱ्याई जाँच गरे नगरेको अनुगमन गर्न तथा आन्तरिक र बाह्य गुणस्तर नियन्त्रण विधि, प्रक्रिया, ज्ञान, सीप र क्षमता वृद्धि गर्न सम्बन्धित विज्ञ भौतिक रुपमा उपस्थित भई प्रयोगशालाहरुको स्थलगत अनुशिक्षण गर्नका लागि यो कार्यक्रम राखिएको हो । |
| **उद्देश्य** | सरकारी तथा निजी प्रयोगशालाहरुको आन्तरिक/बाह्य गुणस्तर नियन्त्रणका विधि, प्रक्रिया, ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्नु । |
| **अपेक्षित प्रतिफल** | स्थलगत अनुशिक्षण पश्चात प्रयोगशालामा कार्यरत प्रयोगशालाकर्मीहरुको ज्ञान, सीप र क्षमता वृद्धि भई गुणस्तरीय निदान सेवा प्रवाह भएको हुनेछ । |
| **कार्य सञ्चालन प्रक्रिया** | • गण्डकी प्रदेशमा रहेका निजी र सरकारी प्रयोगशालाहरुको अनुशिक्षणको लागि कार्यतालिका बनाई निर्दिष्ट सुपरिवेक्षण चेकलिष्ट प्रयोग गरी सुपरिवेक्षण, अनुगमन र अनुशिक्षण गर्ने,<br>• सुपरिवेक्षण तथा अनुगमनको क्रममा पृष्ठपोषण गरे अनुसार प्रगति भए नभएको लेखाजोखा गर्ने,<br>• गण्डकी प्रदेश अन्तर्गत सरकारी तथा निजी प्रयोगशालाहरुको गुणस्तर परीक्षण एवं मूल्याङ्कन गरी अभिलेखीकरण गर्ने,<br>• मासिक रुपमा प्रतिवेदन संकलन गरी मन्त्रालयमा त्रैमासिक रुपमा प्रतिवेदन पेश गर्ने। |

## ६. स्वीकृत कार्यविधि बमोजिम रगत तथा रगतजन्य सेवा निःशुल्क व्यवस्थापन

| PLMBIS Code | खर्च शीर्षक | विनियोजित रकम (रू. हजारमा) |
|---|---|---|
| २.७.२२.४५ | २२५२२ | १०००० |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | रगतको आवश्यकता पर्ने बिरामी तथा दुर्घटनाका कारण रगतको आवश्यकता पर्ने अवस्थामा रहेका व्यक्तिलाई आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्ने क्रममा तत्काल आवश्यक पर्ने रगत तथा रगतजन्य सेवाहरु उपलब्ध गराउन र यसको अभावमा जीवन जोखिममा पर्ने अवस्थाको अन्त्य गर्नका लागि यो कार्यक्रम सञ्चालन गरिएको हो। |
| **उद्देश्य** | नागरिकमा रगत तथा रगतजन्य सेवाको कारणले हुने आर्थिक व्ययभार कम गर्नु। |
| **अपेक्षित प्रतिफल** | नागरिकलाई नि:शुल्क रुपमा गुणस्तरीय रगत तथा रगतजन्य सेवा उपलब्ध भई उपचारमा सहजता भएको हुनेछ। |
| **कार्य सञ्चालन प्रक्रिया** | • गण्डकी प्रदेश सरकारले जारी गरेको "रगत तथा रगतजन्य सेवा निशुल्क व्यवस्थापन कार्यविधि, २०७८" अनुसार कार्यक्रम सञ्चालन गर्ने,<br>• पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पश्चिमाञ्चल क्षेत्रीय अस्पतालबाट सेवा लिने सेवाग्राहीका लागि निःशुल्क रक्तसञ्चार सेवा प्रदान गर्नका लागि प्रादेशिक रोग नियन्त्रण केन्द्र र ब्लड बैंक/अस्पताल बीच सम्झौता गर्ने,<br>• व्यक्तिलाई आवश्यक पर्ने रगत, रगतजन्य पदार्थ, Blood Bag, रक्तपरीक्षण नि:शुल्क उपलब्ध गराई सो बापत ब्लड बैंक/अस्पताललाई बढिमा प्रति युनिट रु. एक हजार र Chemiluminescence Immunoassay (CLIA) प्रयोग भएमा प्रति युनिट बढिमा रु.एक हजार दुई सय पचास, Blood Transfusion गर्ने चिकित्सकको निस्सा सहितको प्रमाणित कागजातको आधारमा शोध भर्ना उपलब्ध गराउने,<br>• नि:शुल्क रक्तसंचार सेवा लिएका व्यक्तिहरुको अभिलेख कार्यविधिले तोके बमोजिमको सम्बन्धित रक्त सेवा प्रदायकले चुस्त-दुरुस्त राख्नुपर्नेछ र सो का लागि प्रादेशिक रोग नियन्त्रण केन्द्रले एक जना फोकल पर्सन तोक्नुपर्नेछ।<br>• रगत नमूना संकलन गर्ने Blood Bag मा Barcode र "**गण्डकी प्रदेश सरकारद्वारा नि:शुल्क व्यवस्थापन गरिएको**" बेहोराको स्टिकर टाँस गर्नुपर्नेछ । यसको व्यवस्थापन ब्लड बैंकले गर्नुपर्नेछ।<br>• सरोकारवालाहरुसँग कार्यक्रम व्यवस्थापन सम्बन्धमा बैठक आयोजना गर्दा सहभागीलाई नियमानुसार यातायात खर्च र खाजा खर्च भुक्तानी गर्न सकिनेछ। |

| | |
|---|---|
| | • अर्डर गरिएको रगत प्रयोग नभई फिर्ता गरिएको अवस्थामा प्रयोगशाला लगायतको खर्च बापत प्रति युनिट कास्की जिल्लाको हकमा रु.चार सय पचास र बाँकी जिल्लाको हकमा रु. पाँच सय मात्र शोधभर्ना गर्न मिल्नेछ। |

## ७. प्रयोगशालाकर्मीहरुको लागि क्षयरोग सम्बन्धी खकार माइक्रोस्कोपिका लागि LQAS तालिम

| PLMBIS Code | खर्च शीर्षक | विनियोजित रकम (रू. हजारमा) |
|---|---|---|
| २.७.२२.८२ | २२५२२ | २०० |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | क्षयरोग निदानमा संलग्न प्रयोगशालाकर्मीहरुलाई खकार परीक्षण सम्बन्धी ज्ञान तथा सीप अद्यावधिक र परीक्षण गरिएका स्लाइडको गुणस्तर परीक्षण गर्न LQAS (Lot Quality Assurance System) विधिबारे अभिमुखीकरण गर्न यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | LQAS (Lot Quality Assurance System) विधि बारे प्रयोगशालाकर्मीहरुको ज्ञान र सीप अभिवृद्धि गर्नु। |
| **अपेक्षित प्रतिफल** | हरेक त्रैमासिकमा परीक्षण गरिएका ए. एफ. बी. स्लाईडहरु LQAS विधिबाट गुणस्तर नियन्त्रण शाखामा प्राप्त भई पुनः परीक्षण गरी पृष्ठपोषण गर्ने कार्यमा निरन्तरता आउने र रोग निदानमा हुने त्रुटिहरु न्यूनीकरण भई गुणस्तरमा सुधार आउनेछ। |
| **कार्य सञ्चालन प्रक्रिया** | • स्वास्थ्य संस्थाहरुसँग समन्वय गरी तालिम नलिएका प्रयोगशालाकर्मीहरुको विवरण तयार गरी राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रले तयार गरेको "LQAS तालिम निर्देशिका" बमोजिम तालिम सञ्चालन गर्ने,<br>• Microscopy आधारभूत तालिम पुस्तिका, क्षयरोग सेवा अभिलेख तथा प्रतिवेदन फारमहरु प्रयोग गरी तालिम सञ्चालन गर्ने,<br>• बजेटको परिधि भित्र रही तालिम पश्चातको स्थलगत अनुगमन गरी पृष्ठपोषण गर्न सकिनेछ। |

## ८. टि.वि. कल्चर ल्याव एवं वि.एस.एल. २, ३ सञ्चालन, मर्मत सम्भार तथा क्यालिब्रेसन

| PLMBIS Code | खर्च शीर्षक | विनियोजित रकम (रू. हजारमा) |
|---|---|---|
| २.७.२२.८३ | २२५२२ | २०० |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | क्षयरोगको निदान र उपचारको लागि TB Culture Lab BSL 2, 3 एक विशेष प्रयोगशाला हो जहाँ क्षयरोगको ब्याक्टेरियाको कल्चर गरिन्छ । यो प्रयोगशालाको प्रभावकारी सञ्चालन, मर्मत सम्भार र क्यालिब्रेसन व्यवस्थापन गर्न यो कार्यक्रम राखिएको हो । |
| **उद्देश्य** | वि.एस.एल. २, ३ ल्याबमा खकार कल्चर तथा Drug Susceptibility testing सेवाहरुको सुनिश्चित गर्नु । |
| **अपेक्षित प्रतिफल** | वि.एस.एल. २, ३ ल्याबमा खकार कल्चर तथा Drug Susceptibility testing सेवाहरूको निरन्तरता भएको हुनेछ । |
| **कार्य सञ्चालन प्रक्रिया** | • वि.एस.एल. २, ३ ल्यावका लागि आवश्यक कन्जुमेवल्स सामग्रीहरू प्रचलित कानून बमोजिम खरिद गर्ने,<br>• वि.एस.एल. २, ३ ल्यावको मर्मत सम्भार तथा व्यवस्थापन गर्ने,<br>• वि.एस.एल. २, ३ ल्यावको आवश्यकता अनुसार क्यालिब्रेसन गरी सो को खर्च समेत यसै कार्यक्रमबाट गर्न सकिनेछ । |

## ९. एक्स-रे सेवा व्यवस्थापन सम्बन्धी कार्य

| PLMBIS Code | खर्च शीर्षक | विनियोजित रकम (रू. हजारमा) |
|---|---|---|
| २.७.२२.८४ | २२५२२ | ५०० |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | क्षयरोगको परीक्षण तथा उपचारका लागि आउने बिरामीहरुको लागि एक्स-रे सेवा प्रदान गर्न आवश्यक सामग्री खरिद एवम् मर्मत गर्न यो कार्यक्रम राखिएको हो । |
| **उद्देश्य** | एक्स-रे सेवा निरन्तर सञ्चालन गर्नु । |
| **अपेक्षित प्रतिफल** | क्षयरोगको उपचारमा रहेका बिरामीहरुको लागि एक्स-रे सेवा नियमित रुपमा नि:शुल्क उपलब्ध भएको हुनेछ । |
| **कार्यसञ्चालन प्रक्रिया** | • एक्स-रे सेवा सञ्चालनका लागि खरिद तथा मर्मत गर्नुपर्ने आवश्यक सामग्रीको सूची तयार गरी प्रचलित नियमानुसार मर्मत तथा खरिद गर्ने,<br>• एक्स-रे सेवा निरन्तर सञ्चालन गर्न आवश्यक सामग्रीहरुको व्यवस्थापन गर्ने । |

## १०.	क्षयरोग खोजपड्ताल कार्यक्रम

| PLMBIS Code | खर्च शीर्षक | विनियोजित रकम (रू. हजारमा) |
|---|---|---|
| २.७.२२.८७ | २२५२२ | २००० |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | क्षयरोग नेपालमा प्रमुख जनस्वास्थ्य समस्याको रुपमा रहँदै आएको छ । अध्ययनहरूबाट करिव ४६ प्रतिशत सम्भावित क्षयरोगका बिरामीहरुको रोग पत्ता लगाउन र उपचारमा ल्याउन नसकिएको देखिन्छ। जसमध्ये पत्ता लगाउन बाँकी रहेका व्यक्तिहरु मध्य आधाभन्दा बढि अति संक्रमित खालका हुन्छन् । बिरामीहरुको यथासक्य छिटो खोजी गरी उपचारमा ल्याई क्षयरोग संक्रमण दर कम गर्न आवश्यक भएकाले यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | समुदायस्तरमा क्षयरोगका बिरामीहरुको समयमै पहिचान गर्नु। |
| अपेक्षित प्रतिफल | समुदायस्तरमा क्षयरोगका बिरामीहरुको समयमै पहिचान भई उपचारको दायरामा आएका हुनेछन्। |
| कार्य सञ्चालन प्रक्रिया | • प्रदेशका सबै स्थानिय तहको सम्भावित क्षयरोगी पहिचान हुने स्थान तथा जोखिम समूह पहिचान गरी प्राथमिकताको आधारमा स्थान छनौट गर्ने,<br>• क्षयरोग खोजपड्ताल सम्बन्धी जोखिम समूह पहिचान गरी स्क्रिनिङ शिविर सञ्चालन गर्नु पूर्व स्वास्थ्य मन्त्रालय, प्रादेशिक जनस्वास्थ्य केन्द्र, कास्की तथा सम्बन्धित प्रदेश जनस्वास्थ्य कार्यालयको सहभागितामा बैठक बसी कार्ययोजना तयार गर्ने,<br>• प्रादेशिक रोग नियन्त्रण केन्द्र, प्रदेश जनस्वास्थ्य कार्यालय र स्थानीय तहसँग समन्वय गरी स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका र सम्बद्ध सरोकारवालाहरुको सहभागितामा जिल्ला तथा स्थानीयस्तरमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुका साथै क्षयरोग खोजपडताल गर्ने स्थानमा सूचना, प्रचार प्रसार गर्ने,<br>• जोखिममा रहेका व्यक्तिहरुको Computerized assisted Digital X-ray (AI) प्रयोग गरी क्षयरोगका बिरामीहरु पत्ता लगाउने,<br>• "क्षयरोग मुक्त नेपाल घोषणा अभियान सञ्चालन निर्देशिका" र "सक्रिय क्षयरोग खोजपडताल कार्यक्रम सञ्चालन निर्देशिका, २०७८" अनुरुपका क्रियाकलापहरुका साथै आर्थिक वर्ष २०८३/०८४ मा स्थानिय तहबाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरु सञ्चालन सम्बन्धी मार्गदर्शनमा |

| | |
|---|---|
| | उल्लेखित क्षयरोग खोजपडताल सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि समन्वय तथा सहजीकरण गर्ने,<br>• आवश्यक जनशक्ति र कन्जुमेबल्स तथा अन्य सामग्रीको व्यवस्थापन एवम् ढुवानी गर्ने,<br>• कार्यक्रममा परिचालन हुने चिकित्सक, स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, स्वयंसेवकका लागि प्रचलित कानून बमोजिम भत्ता, खाना/ खाजा खर्च तथा अन्य व्यवस्थापकीय खर्च गर्न सकिनेछ।<br>• बजेट परिधिभित्र रही दोहोरो नपर्ने गरी संलग्न स्वास्थ्यकर्मी सहितको टोलिलाई बढिमा रु.पचास प्रति सेवाग्राही बाँडफाँट गरी प्रोत्साहन स्वरुप उपलब्ध गराउन सकिनेछ।<br>• Computerized assisted Digital X-ray (AI) को मर्मत संभारको खर्च तथा आवश्यकता अनुसार प्राविधिक सहयोग सम्बन्धी खर्च यसै कार्यक्रमबाट गर्न सकिनेछ।<br>• यो कार्यक्रम कम्तिमा बीसवटा क्षेत्रमा सञ्चालन गर्नुपर्नेछ।<br>• स्थानीय तह र अन्य सहयोगी संस्थाको सहयोग तथा समन्वयमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ। |

## ११. जिन एक्सपर्ट परीक्षण सोधभर्ना

| PLMBIS Code | खर्च शीर्षक | विनियोजित रकम (रू. हजारमा) |
|---|---|---|
| २.७.२२.९० | २२५२२ | २०० |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | जीन एक्स्पर्ट परीक्षण गर्ने प्रयोगशालाकर्मीले नियमित कार्यालय समय भन्दा अघिपछिको समयमा खकार परीक्षण गर्नुपर्ने एवं परीक्षणका लागि संकलन भएका खकारको जति सक्दो छिटो परीक्षण गरी क्षयरोगको निदान गरेर क्षयरोगको बिरामीलाई यथाशिघ्र उपचारमा राख्न र यसबाट प्रयोगशालाकर्मीहरुलाई संक्रमण नियन्त्रण एवं उत्प्रेरणा स्वरुप यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | क्षयरोग तथा औषधी प्रतिरोधी क्षमता विकास भएका क्षयरोग बिरामी समयमै पत्ता लगाउन जीन एक्सपर्टबाट खकार परीक्षण गरी क्षयरोग निदान सेवालाई प्रभावकारी बनाउनु । |
| अपेक्षित प्रतिफल | समयमै क्षयरोगको निदान र उपचारका लागि प्रयोगशालाकर्मीहरु उत्प्रेरित भई कार्य सम्पादन गर्नेछन् । |
| कार्य सञ्चालन प्रक्रिया | • क्षयरोग नियन्त्रण कार्यक्रमले तोके बमोजिम सम्भाव्य क्षयरोगी बिरामीहरुको जीन एक्सपर्ट परीक्षण गर्ने व्यवस्था मिलाउन जीन एक्स्पर्ट सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरुलाई पत्राचार गर्ने,<br>• स्वास्थ्य संस्थाहरुबाट जीन एक्सपर्ट परीक्षण गर्न प्रेषण गरिएका सम्भावित क्षयरोगका बिरामीहरुको उक्त विधिबाट परीक्षण भएको सुनिश्चित गर्ने,<br>• जीन एक्सपर्ट परीक्षणको प्रतिवेदन मासिक रुपमा सम्बन्धित जनस्वास्थ्य कार्यालय र राष्ट्रिय क्षयरोग केन्द्रलाई उपलब्ध गराउने र प्रादेशिक रोग नियन्त्रण केन्द्र, पोखरामा पनि अभिलेख राख्ने,<br>• जीन एक्सपर्टबाट परीक्षण गरी नतिजा पोजेटिभ भएका बिरामीहरुले क्षयरोगको उपचार पाए नपाएको सुनिश्चित गर्ने,<br>• जीन एक्स्पर्ट सेन्टरहरुले नियमित रुपमा DHIS2 (DRTB Patient Tracing and TB Laboratory system) मा जाँच भएको रिपोर्टहरु अद्यावधिक गरी अभिलेख राख्ने,<br>• प्रादेशिक रोग नियन्त्रण केन्द्रले त्रैमासिक कार्य योजना बनाई जीन एक्सपर्ट प्रयोगशालाको नियमित अनुगमन गर्ने व्यवस्था मिलाउने,<br>• जीन एक्स्पर्ट परीक्षण सफल भएको संख्याको आधारमा जीन एक्सपर्ट गर्ने संस्थालाई लागेको खर्च सोधभर्ना गरी एकमुष्ट रकम उपलब्ध गराउने । जीन एक्सपर्ट जाँच भएको |

| | |
|---|---|
| | तर असफल नतिजा जस्तै: error, no result/invalid result नतिजा आएका परीक्षणको रकम उपलब्ध नहुने,<br>• प्रति सफल जाँच शोधभर्ना बापत रु. पचास उपलब्ध गराउने ।<br>• जीन एक्सपर्ट गरेको विवरण प्रत्येक महिना संलग्न भएका प्रयोगशालाकर्मीको प्रतिवेदनको आधारमा मात्र शोधभर्ना उपलब्ध गराउनुपर्नेछ । |

## १२. प्रयोगशाला सेवा [Hematology, Biochemistry, Endocrinology, Microbiology, Molecular Biology, Histopathology and Cytology] सर्ने र नसर्ने रोग समेत] ल्याव सञ्चालन का लागि आवश्यक रिएजेन्ट, केमिकल तथा कन्जुमेवल्स खरिद

| PLMBIS Code | खर्च शीर्षक | विनियोजित रकम (रू. हजारमा) |
|---|---|---|
| ७.२.११.१० | २७२१३ | १०००० |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | प्रयोगशाला सेवा [Haematology, Biochemistry, Endocrinology, Microbiology, Molecular Biology, Histopathology and Cytology सर्ने र नसर्ने रोग समेत] सञ्चालनका लागि आवश्यक रिएजेन्ट, केमिकल्स तथा कन्जुमेवल्स व्यवस्था गर्न यो कार्यक्रम राखिएको हो । |
| **उद्देश्य** | प्रयोगशाला सेवा सञ्चालनका लागि रिएजेन्ट, केमिकल्स तथा कन्जुमेबल्स सामग्रीहरु व्यवस्था गर्नु । |
| **अपेक्षित प्रतिफल** | प्रयोगशाला आवश्यक रिएजेन्ट, केमिकल्स तथा कन्जुमेबल्सको व्यवस्था भई गुणस्तरीय प्रयोगशाला नियमित रुपमा सञ्चालन भएको हुनेछ । |
| **कार्य सञ्चालन प्रक्रिया** | • खरिद योजना, लागत अनुमान, खरिद विधि, प्रक्रिया र परिमाण निर्धारण सहित कार्यक्रम तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गराउने,<br>• आवश्यकता अनुसार रिएजेन्ट, केमिकल्स तथा कन्जुमेबल्स सामग्रीहरुको स्पेसिफिकेशन तयार गर्ने,<br>• सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) तथा नियमावली, २०६४ (संशोधन सहित) बमोजिम खरिद गर्ने,<br>• खरिद भएको सामग्रीहरुको Post shipment inspection गरी दाखिला पश्चात भुक्तानी गर्ने। |

## १३. महामारी एवं विपदको पूर्वतयारी, रोग नियन्त्रण तथा उपचारका लागि कीट तथा अन्य औषधिजन्य सामग्रीको व्यवस्थापन

| PLMBIS Code | खर्च शीर्षक | विनियोजित रकम (रू. हजारमा) |
|---|---|---|
| ७.२.११.११ | २७२१३ | ५०० |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | स्वास्थ्यजन्य महामारी एवं विपदको अवस्थामा किट तथा अन्य प्रयोगशाला सामग्रीहरुको मौजदात कायम राखी पूर्वतयारी र प्रतिकार्यलाई सुदृढ बनाउनको लागि यो कार्यक्रम राखिएको हो । |
| **उद्देश्य** | महामारी तथा विपदको अवस्थामा आवश्यक किट तथा रिएजेन्टको व्यवस्था गर्नु । |
| **अपेक्षित प्रतिफल** | महामारी तथा विपदको अवस्थामा आवश्यक किट तथा रिएजेन्टको व्यवस्था भई प्रतिकार्य व्यवस्थित भएको हुनेछ । |
| **कार्य सञ्चालन प्रक्रिया** | • डेंगी, स्क्रब टाइफस, फिलारियासिस, कालाजार लगायत अन्य प्रकोपजन्य रोगहरुको द्रुत परीक्षणका लागि आवश्यकता अनुसार किट तथा अन्य आवश्यक सामग्री खरिद गर्ने,<br>• खरिद विधि, प्रक्रिया र परिमाण सहित योजना तयार गरी कार्यालय प्रमुख बाट स्वीकृत गराई प्रचलित कानून बमोजिम खरिद गर्ने र सो को दाखिला गरी भुक्तानी गर्ने,<br>• उक्त किटहरु आवश्यकता अनुसार प्रदेश भित्र रहेका अन्य स्वास्थ्य संस्थाहरुमा समेत वितरण गर्ने । |

# विशेष अनुदान तर्फका कार्यक्रम

## १४. राष्ट्रसेवक कर्मचारी र जनप्रतिनिधीहरुको नसर्ने रोगको स्क्रिनिङ तथा रोकथाम कार्यक्रम सञ्चालन (रीएजेन्ट तथा किट व्यवस्थापन सहित)

| PLMBIS Code | खर्च शीर्षक | विनियोजित रकम (रू. हजारमा) |
|---|---|---|
| २.७.२२.१८५ | २२५२२ | १००० |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | व्यस्त जीवनशैली र तनावपूर्ण कार्य वातावरणले राष्ट्रसेवक कर्मचारी र जनप्रतिनिधिहरूमा नसर्ने रोगको समस्या बढ्दो क्रममा रहेकाले समयमै स्क्रिनिङ गरी रोग पत्ता लगाउन एवं व्यवस्थापन गर्न यो कार्यक्रम राखिएको हो । |
| **उद्देश्य** | स्क्रिनिड कार्यक्रम सञ्चालन गरी राष्ट्रसेवक कर्मचारी र जनप्रतिनिधीहरुमा नसने रोग भए नभएको प्रारम्भिक चरणमा पत्ता लगाउनु । |
| **अपेक्षित प्रतिफल** | राष्ट्रसेवक कर्मचारी र जनप्रतिनिधीहरुमा नसर्ने रोगको समयमै पहिचान भई रोकथाम तथा नियन्त्रण भएको हुनेछ । |
| **कार्य सञ्चालन प्रक्रिया** | • सरकारी कार्यालयमा कार्यरत कर्मचारी एवं जनप्रतिनिधीहरुको वर्षको दुई पटक विशेष अवसर तथा अभियानको समयमा सामूहिक स्वास्थ्य परीक्षण गरी नसर्ने रोगको स्क्रिनिङ गर्ने,<br>• कार्यक्रम अन्तर्गत CBC, Cholesterol, Triglyceride, LDL, Fasting Blood sugar, Serum creatinine, SGPT, SGOT र Urine dipstick (3 parameter) परीक्षण गर्ने,<br>• स्क्रिनिङ पछि सेवाग्राहीलाई स्वास्थ्य परामर्श र आवश्यकता अनुसार उपचारको व्यवस्था मिलाउने,<br>• यस कार्यक्रममा विनियोजित बजेट उक्त परीक्षणको लागि आवश्यक किट रियजेन्ट खरिदको लागि खर्च गर्ने र परीक्षणमा खटिने प्रयोगशालाकर्मीहरुलाई प्रोत्साहन स्वरुप प्रति केस रु.पच्चीस प्रदान गर्ने,<br>• कार्यक्रमबाट संकलित तथ्यांकको विश्लेषण गरी स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्ने । |

## १५. रोगहरुको एकीकृत सर्भिलेन्स (Integrated surveillance) कार्यक्रम

| PLMBIS Code | खर्च शीर्षक | विनियोजित रकम (रू. हजारमा) |
|---|---|---|
| २.७७.२२.६० | २२५२२ | ५०० |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | नेपालमा रोगको प्रतिवेदन तथा निगरानीका लागि विभिन्न प्रणालीहरु (HMIS, SORMAS, EWARS, MDIS आदि) रहेकोमा एकिकृत प्रणाली विकास र सुदृढिकरण गर्न जरुरी रहेको छ । त्यसै गरी नेपाल सरकारले प्राथमिकीकरण गरेका ५२ वटा संक्रामक रोगहरुको खोजपड्ताल, शंकास्पद बिरामीको अनुसन्धान र प्रतिकार्यलाई निरन्तर रूपमा सञ्चालन गरी एकिकृत रोग निगरानीलाई पूर्णता दिन, एकीकृत बाहक निगरानी (Integrated vector surveillance) र स्वास्थ्य सम्बन्धी विपत र महामारी रोकथाम एवं नियन्त्रणका लागि यो कार्यक्रम राखिएको हो । |
| **उद्देश्य** | • महामारी गराउन सक्ने रोगहरु समयमै पत्ता लगाई समुदायमा महामारी फैलिन नदिनु।<br>• स्थानिय तह एवं जिल्लाबाट प्रतिवेदन भएका रोग सम्बन्धी तथ्याङ्क एवं सूचनाको संकलन, प्रमाणीकरण, विश्लेषण, एवं सञ्चार गर्नु ।<br>• समुदाय स्तरमा किटजन्य रोगहरु र यी रोगहरु सार्ने भेक्टरहरुको उपस्थिती, घनत्व, अवस्था तथा यिनीहरुको आनीबानी पत्ता लगाउनु । |
| **अपेक्षित प्रतिफल** | • महामारी गराउन सक्ने रोगहरुको समयमै पहिचान भई महामारी रोकथाम एवं न्यूनिकरण भएको हुनेछ ।<br>• स्वास्थ्य जन्य विपद् एवं महामारीको प्रतिकार्य सुदृढ भएको हुनेछ ।<br>• किटजन्य रोग सार्ने बाहकको पहिचान गरी आनीबानी थाहा पाई समयमा नै नियन्त्रणका उपायहरु अवलम्वन गर्न सहयोग हुनेछ । |
| **कार्य सञ्चालन प्रक्रिया** | • महामारी पूर्व नै महामारीजन्य रोगहरुको निदान, उपचार लगायत अन्य कार्यहरुमा प्रयोग गरिने किट (RDT), औषधी एवं विशेषज्ञहरुको mapping गरेर राख्ने,<br>• HMIS, MDIS, EWARS तथा SORMAS प्रणालीबाट प्राप्त संक्रामक, सरुवा तथा कीटजन्य रोगको तथ्याङ्क तथा सूचनाहरुको प्रमाणीकरण गर्ने,<br>• महामारी जोखिमयुक्त क्षेत्रको समुदायमा देख्न सकिने आकस्मिक जनस्वास्थ्यका घटनाहरुलाई शीघ्र पहिचान गरी अनुसन्धान गर्ने,<br>• रोगको संक्रमण देखिएमा वा स्वास्थ्य विपद्जन्य घटनाको प्रतिवेदन भएमा प्रदेश द्रुत प्रतिकार्य समिति एवं प्रादेशिक स्वास्थ्य आपत्कालीन एवं सूचना तथा संचार केन्द्रलाई जानकारी गराई स्थानीय RRC, RRT र जिल्ला स्तरको RRT लाई समेत प्रतिकार्यका लागि सूचना दिने, |

| | |
|---|---|
| | • प्रादेशिक स्वास्थ्य आपत्कालीन एवं सूचना तथा संचार केन्द्र तथा प्रदेश, जिल्ला र स्थानीय तहको द्रुत प्रतिकार्य समूहसँग समन्वय गरी प्रभावकारी व्यवस्थापनको लागि श्रोत परिचालन कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने,<br>• यस कार्यक्रमबाट समुदायमा आधरित रोग निगरानी प्रणालीलाई सुदृढीकरण गर्न आवश्यक क्रियाकलापहरु समेत गर्न सकिनेछ।<br>• बजेटको परिधि भित्र रही यस कार्यक्रमबाट इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखासँग समन्वय गरी SOP on Integrated Vector Surveillance, 2023 अनुसार एकीकृत बाहक निगरानी समेत गर्न सकिनेछ। |

## १६. प्रयोगशाला सेवा [सर्ने र नसर्ने रोग समेत] ल्याव सञ्चालन का लागि आवश्यक रिएजेन्ट, केमिकल तथा कन्जुमेवल्स खरिद

| PLMBIS Code | खर्च शीर्षक | विनियोजित रकम (रू. हजारमा) |
|---|---|---|
| ७.२.११.२१ | २७२१३ | ५००० |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | प्रयोगशाला सेवा सञ्चालनका लागि आवश्यक रिएजेन्ट, केमिकल्स तथा कन्जुमेवल्स व्यवस्था गर्न यो कार्यक्रम राखिएको हो । |
| **उद्देश्य** | प्रयोगशाला सेवा सञ्चालनका लागि रिएजेन्ट, केमिकल्स तथा कन्जुमेबल्स सामग्रीहरु व्यवस्था गर्नु । |
| **अपेक्षित प्रतिफल** | प्रयोगशाला आवश्यक रिएजेन्ट, केमिकल्स तथा कन्जुमेबल्सको व्यवस्था भई गुणस्तरीय प्रयोगशाला नियमित रुपमा सञ्चालन भएको हुनेछ । |
| **कार्य सञ्चालन प्रक्रिया** | • खरिद योजना, लागत अनुमान, खरिद विधि, प्रक्रिया र परिमाण निर्धारण सहित कार्यक्रम तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गराउने,<br>• आवश्यकता अनुसार रिएजेन्ट, केमिकल्स तथा कन्जुमेबल्स सामग्रीहरुको स्पेसिफिकेशन तयार गर्ने,<br>• सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) बमोजिम खरिद गर्ने,<br>• खरिद भएको सामग्रीहरुको Post shipment inspection गरी दाखिला पश्चात भुक्तानी गर्ने। |